“मर्यादित व्यवसाय र प्रविधिमा सहकारी”

# ललितपुर जिल्ला
# बचत तथा ऋण सहकारी संघ लिमिटेड

**ललितपुर महानगरपालिका-५, लगनखेल, ललितपुर**



२७औं
वार्षिक प्रतिवेदन

# २७औं वार्षिक साधारण सभा

**२०७८ पौष ८ गते, बिहीबार**


फोन नं.: ९७७-०१-५५५३००१, ०१-५५५३००७

federation.lalitpur@gmail.com

www.facebook.com/BachatSangh www.lalitpurbachatsangh.org

# संयुक्त राष्ट्र संघ
# दिगो विकास लक्ष्य

सन् २०१६–२०३०

१ गरिवीको अन्त्य

२ भोकमरीको अन्त्य

३ स्वास्थ्य र समुन्नत समाज

४ गुणस्तरीय शिक्षा

५ लैङ्गिक समानता

६ स्वच्छ पानी तथा सरसफाई

७ स्वच्छ ऊर्जामा सहज पहुँच

८ मर्यादित रोजगार तथा आर्थिक वृद्धि

९ उद्योग पूर्वाधार र नविन सिर्जना

१० असमानता न्यूनीकरण

११ दिगो शहर र समुदायहरू

१२ जिम्मेवारीपूर्ण उपभोग तथा उत्पादन

१३ जलवायु परिवर्तनमा तत्काल पहल

१४ जलमुनीको जैविक विविधताको संरक्षण

१५ जमिनमाथिको जैविक विविधताको संरक्षण

१६ शान्ति, न्याय र सशक्त निकाय

१७ लक्ष्य प्राप्तिको लागि साझेदारी

# ललितपुर जिल्ला
## बचत तथा ऋण सहकारी संघ लिमिटेड
LALITPUR DISTRICT FEDERATION OF SAVING & CREDIT CO-OPERATIVE LIMITED

नेपाल

च.नं. १७२/२०७८/०७९ मिति: २०७८/०८/२३

श्री अध्यक्षज्यू,
संघमा आवद्ध सम्पूर्ण सदस्य सहकारी संस्थाहरु

### विषय : २७औं वार्षिक साधारण सभामा सहभागी हुनेबारे ।

मिति २०७८ मंसिर २२ गते बसेको १३८औं संयुक्त बैठकको निर्णयानुसार निम्न प्रस्तावहरु उपर छलफल एवं निर्णय गर्नका लागि संघको २७औं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा हुन गईरहेकोले उक्त सभामा सहभागिताको लागि हार्दिक आमन्त्रण गर्दछौं ।

**कार्यक्रम**

मिति : २०७८ पौष ८ गते, बिहीबार
समय : दिउँसो ठिक १:०० बजे
स्थान : साझा पार्टी प्यालेस, लगनखेल

**प्रस्तावित विषयहरू**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत प्रतिवेदन उपर छलफल एवं पारित गर्ने सम्बन्धमा ।
२. लेखा सुपरिवेक्षण समितिद्वारा प्रस्तुत प्रतिवेदन उपर छलफल एवं पारित गर्ने सम्बन्धमा ।
३. आ.व. ०७८/७९ को अनुमानित आय व्यय विवरण तथा कोषाध्यक्षज्यूको प्रतिवेदन प्रस्तुत गरी पारित गर्ने सम्बन्धमा ।
४. आ.व. २०७७/०७८ को लेखापरिक्षण प्रतिवेदन प्रस्तुत गरी पारित गर्ने सम्बन्धमा ।
५. आ.व. २०७८/०७९ को लागि लेखापरिक्षक नियुक्ति गर्ने तथा पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
६. प्रस्तावित लाभांश वितरणको अनुमोदन गर्ने सम्बन्धमा ।
७. विनियम पुर्नरलेखन स्वीकृत सम्बन्धमा ।
८. नीति तथा कार्यविधिहरु संशोधन सम्बन्धमा ।
९. घर जग्गा खरिद सम्बन्धमा ।
१०. निष्क्रिय सहकारी संस्थाहरुको सदस्यता फिर्ता सम्बन्धमा ।
१०. साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्नको लागि प्रतिनिधिहरुको तर्फबाट प्रतिनिधि छनौट गर्ने सम्बन्धमा ।

**साधारण सभा सम्बन्धी अन्य जानकारीहरू**

१. साधारण सभामा भाग लिन आउने प्रतिनिधिहरुले प्रतिनिधि मनोनयन पत्र संघको कार्यालयमा वा संघको ईमेल federation.lalitpur@gmail.com मा बुझाउन पर्नेछ ।
२. २०७८ अषाढ मसान्त सम्मको नियमित बचत तथा आ.व. २०७७/०७८ को नविकरण शुल्क २०७८ पौष ५ गते भित्र बुझाई सक्नुपर्नेछ ।
३. संघको वार्षिक साधारण सभामा लगातार ३ पटक नियमित अनुपस्थित तथा संघको सम्पर्कमा नरहेका संस्थाहरुलाई संघको सदस्यबाट हटाइने हुँदा मिति २०७८ पौष ५ गते भित्र पछिल्लो वार्षिक साधारण सभाको निर्णयको प्रतिलिपी बुझाउनु पर्नेछ ।
४. संघमा आवद्ध उत्कृष्ट सहकारी संस्थाहरुलाई सम्मान गरिने हुँदा पत्रसंग संलग्न भएको फारम मिति २०७८ पौष ५ गते भित्र सम्म संघको कार्यालयमा बुझाई सक्नुपर्नेछ ।

..................................
**श्यामकृष्ण महर्जन**
सचिव

# विषय सूची


| क्र.सं. | विवरण | पेज नं. |
|---|---|---|
| १ | सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आ.व. २०७७/०७८ को वार्षिक प्रतिवेदन | ३ |
| २ | लेखा सुपरीवेक्षण समितिद्वारा प्रस्तुत आ.व. २०७७/०७८ को वार्षिक प्रतिवेदन | १२ |
| ३ | कोषाध्यक्षज्यूको प्रस्तुत आ.व. २०७७/०७८ को आर्थिक प्रतिवदेन | १५ |
| ४ | लेखापरीक्षकको प्रतिवेदन | २२ |
| ५ | उप-समितिहरूको नामावली | ४६ |
| ६ | नोट तथा टिप्पणी | ५० |
| ७ | फोटोमा संघद्वारा आयोजित गतिविधिहरू | ५३ |

# ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. को २७औं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत आ.व. २०७७/०७८ को वार्षिक प्रतिवेदन



जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडको २७औं वार्षिक साधारण सभाको अवसरमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका आदरणीय प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, जिल्ला सहकारी संघका बिषयगत जिल्ला सहकारी संघका अध्यक्ष तथा प्रतिनिधि साथीहरू, सदस्य संस्थाका अध्यक्षज्यू एवं प्रतिनिधि साथीहरू, पत्रकार मित्रहरू, कर्मचारी वर्ग एवम् यस सभामा उपस्थित भई सभाको शोभा बढाइदिनुहुने सम्पूर्ण शुभचिन्तक महानुभावहरूमा संघको सञ्चालक समितिको तर्फबाट वार्षिक प्रतिवेदन प्रस्तुतको लागि अनुमति चाहन्छु ।

**आदरणीय प्रतिनिधिज्यूहरू**

ललितपुर जिल्लाका बचत तथा ऋण सहकारी संस्थाहरको छाता संगठनको रूपमा रहको जिल्ला बचत तथा ऋण सहकारी संघ लि.ले आफ्नो स्थापनाकालदेखि नै संघमा आवद्ध सहकारी संस्थाहरूको विकास, प्रवर्द्धन र सम्वर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आफ्नो परिभाषित कार्यमा क्रियाशिल रही आएको छ । संस्थाहरूको प्रवर्द्धन तथा सहकारीमैत्री नीति निर्माणका सवालमा पैरवी र पहलकदमी गर्दै सहकारी अभियानमा एउटा अब्बल संघ रहेको व्यहोरा यहाँहरूमा सर्वविधितै छ । संघले जिल्लाका बचत तथा ऋण सहकारी संस्थाहरूको प्रवर्द्धन तथा सम्वर्द्धनका लागि संस्थाहरूका बीच सहकार्य र समन्वय गर्दै उल्लेखनीय भूमिका निर्वाह गरेवापत उत्कृष्ट संघको रूपमा माथिल्लो निकायहरूबाट **उत्कृष्ट सहकारी पुरस्कार** प्राप्त गर्न सफल भएको छ । संघले गर्ने कार्यक्रम तथा गतिविधिहरूमा सकारात्मक सहयोगको सदस्य संस्था लगायत विभिन्न सरोकारवालाहरूसंग अपेक्षा गर्दछु ।

हाल नेपालीहरूको आकर्षणको क्षेत्र बनेको बचत तथा ऋण अभियानलाई अझ बढी गतिशील एवं सशक्त बनाउनका लागि संघका सामु थुप्रै चुनौतिहरू रहेका छन् । आन्तरिक रूपमा संस्थागत विकास, शुसासन एवं क्षमता अभिवृद्धि गर्दै अझ गुणस्तरीय सेवा प्रदान गर्नुपर्ने आजको खाँचो रहेको छ । बचत तथा ऋण सहकारी अभियानलाई अझ व्यवस्थित एवं समय सापेक्ष बनाउनका लागि अनुकुल नीतिगत व्यवस्थाका लागि राज्यसँग पहल कदमी र पैरवी गर्ने देखि लिएर यस अभियानलाई अझ व्यवस्थित एवं सशक्त बनाउनका लागि सम्पूर्ण सहकारीकर्मीहरूलाई आह्वान गर्न चाहन्छु ।

नेपालको सहकारी अभियानले ६ दशक पार गरिसकेको परिवेशमा सहकारी पद्धतिद्वारा लक्षित वर्ग सम्म सेवा पुऱ्याउनु पर्ने आवश्यकता हामीले महसुस गरेका छौं । जिल्लाभित्र भएका सदस्य संस्थाहरू त्यस भित्र भएका करिव २ लाख सदस्यहरूको विकास प्रवर्द्धन र सम्वर्द्धनका लागि संघले आवश्यक शिक्षा, सूचना, तालिम, अध्ययन अवलोकन भ्रमण र अन्तरकृया, गोष्ठी, समिट, सेमिनार मार्फत सदस्यहरूलाई व्यवस्थित तथा मर्यादित गर्ने कार्यलाई निरन्तरता दिंदै आएका छौं ।

आजको आवश्यकता भनेको आर्थिक सम्वृद्धि एवं समुन्नतः समाज निमार्ण गर्नु हो । यसका लागि आफुसंग भएका श्रोत र साधनहरूको अधिकतम उपयोग तथा त्यसको न्यायोचित वितरण गरी अभावमुक्त समाजको परिकल्पना र सामाजिक असमानतलाई हटाउन सहकारी पद्धति नै एउटा विशिष्ट माध्यम हो भन्ने अभिप्रायका साथ हामी अगाडि बढीरहेका छौं । सहकारी व्यवसायको विशिष्टतालाई आत्मसात गर्दै सहकारी पद्धति मार्फत उत्पादन, प्रशोधन, वितरण र उपभोगलाई जोड दिई आर्थिक रूपमा सबल राष्ट्र निर्माणमा जुटेको सहकारी अभियानमा संघको भूमिकालाई अझै प्रगाढ बनाउनु जरूरी छ । यसको निमित्त राजधानी भित्रको महत्वपूर्ण जिल्ला ललितपुरका वचत ऋण सहकारी संस्थाहरूको साथ र समर्थन जरूरी छ ।


विशेष गरी सहकारी क्षेत्रमा देखिएका समस्याको पहिचान गरी समाधानका उपायहरू अवलम्बन गर्नुपर्ने अवस्थामा सहकारी संस्कार र संस्कृतिको विकासमा जोड दिनुपर्ने हुन्छ । जबसम्म सबै पक्षहरूले आ-आफ्नो जिम्मेवारी र भूमिका निर्वाह गरिदैंन तबसम्म यस क्षेत्रले सार्थक गति लिन सक्दैन । एउटा असल सहकारी संस्था निर्माणका लागि प्रतिबद्ध संस्थाका सदस्य, प्रतिबद्ध सञ्चालक समिति, प्रतिबद्ध लेखा समिति, प्रतिबद्ध लेखापरिक्षक, प्रतिबद्ध व्यवस्थापक र कर्मचारी,

यी सबै पक्षको संयोजन सहि ढंगबाट गर्नुपर्नेमा हामीले जोड दिएका छौं । नेपालको परिवेशमा वैंक तथा वित्तीय निकायमा (सहकारी भन्दा वाहेकका वित्तीय संस्थाहरूमा) नागरिकहरूको पहुँच असाध्यै न्यून भएको सन्दर्भमा नागरिकहरूलाई वित्तीय सेवा पुऱ्याउने सहकारी क्षेत्रलाई नियन्त्रण गर्ने सरकारी पक्षलाई समेत सकारात्मक बनाउन जिल्ला संघ मजबुत हुनुपर्दछ ।

संघले आफ्ना सदस्य संस्थाहरूको सवलीकरण र व्यावसायिकताका लागि खेलेको भूमिका, वर्षभरी सञ्चालन गरिएको विभिन्न गतिविधि तथा कार्यक्रमहरूमा सक्रिय सहभागिता जनाउनु हुने सम्पूर्ण सहकारी संस्थाका प्रतिनिधि, सहकारीकर्मी, संघका कर्मचारीहरू, शुभेच्छुक सबैमा हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

आदरणिय उपस्थित प्रतिनिधिज्यूहरू, अब म संघले आ.व. २०७७/७८ मा सम्पन्न गरेका विभिन्न गतिविधिहरू यहाँहरू समक्ष प्रस्तुत गर्न चाहन्छु ।

**संघको स्थापनाकाल देखि हालसम्मको प्रगति विवरण**




**संघले आ.व. २०७७/०७८ मा सम्पन्न गरेका कार्य प्रगति विवरण प्रस्तुत गर्न चाहन्छु ।**

**(क) संस्था विकासका कार्यहरु**

१. **सदस्यता विस्तार** : संघमा आ.व. २०७७/०७८ को असार मसान्तसम्म आइपुग्दामा सदस्य संख्या ५२६ पुगेको छ। जिल्लामा क्रियाशिल बचत तथा ऋण सहकारी संस्थाहरू प्राय संघमा आवद्ध भैसकेको जानकारी गराउन चाहन्छु र बाँकी रहेका संस्थाहरूलाई क्रमशः सदस्य बनाउँदै लगिनेछ ।

**संघमा सदस्यता वृद्धि तपसिल बमोजिम भएको छ ।**

| आ.ब २०६९/०७० | आ.ब २०७०/०७१ | आ.ब २०७१/०७२ | आ.ब २०७२/०७३ | आ.ब २०७३/०७४ | आ.ब २०७४/०७५ | आ.व २०७५/०७६ | आ.व २०७६/०७७ | आ.व. २०७७/०७८ |
|---|---|---|---|---|---|---|---|---|
| ३८६ वटा | ४२० वटा | ४८२ वटा | ४८७ वटा | ४९३ वटा | ४९५ वटा | ५११ वटा | ५२१ वटा | ५२६ वटा |

२. **आबद्धता** : संघले निरन्तर रूपमा सहकारीका विभिन्न आफ्ना निकायहरूसँगको समन्वयमा जोड दिंदै आएको छ । त्यसै अनुरूप संघले निम्न उल्लेखित निकायहरूसँग सदस्यता प्राप्त गरेको छ ।

अ) राष्ट्रिय सहकारी महासंघ लिमिटेड नेपाल

आ) राष्ट्रिय सहकारी बैंक लिमिटेड

इ) नेपाल वचत तथा ऋण केन्द्रिय सहकारी संघ लिमिटेड

ई) बाग्मती प्रदेश सहकारी संघ लिमिटेड

उ) बाग्मती प्रदेश बचत तथा ऋण सहकारी संघ लिमिटेड

ऊ) जिल्ला सहकारी संघ लिमिटेड, ललितपुर

उपरोक्त महासंघ, बैंक र संघहरूसँग सम्बन्ध आगामी दिनहरूमा अझ प्रगाढ बनाउँदै लैजाने र विभिन्न अवसरहरूमा गरिने कार्यक्रमहरूमा संघबाट सक्रिय सहभागिता जनाइने छ ।

३. **उत्कृष्ट संघको सम्मान** : विभिन्न माथिल्लो निकायहरूबाट जिल्लाका बचत तथा ऋण सहकारी संस्थाहरूको प्रवर्द्धन तथा सम्वर्द्धनका लागि संस्थाहरूका बीच सहकार्य र समन्वय गर्दै उल्लेखनीय भूमिका निर्वाह गरे वापत उत्कृष्ट संघको रूपमा सम्मान प्राप्त गर्न सफल भएको छ ।

१) राष्ट्रिय सहकारी महासंघ लिमिटेड नेपाल - कदर पत्र २०६६

२) राष्ट्रिय सहकारी महासंघ लिमिटेड नेपाल - उत्कृष्ट सहकारी पुरस्कार २०७३

३) नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्स्कून) - कदर पत्र २०६९

४) जिल्ला सहकारी संघ लिमिटेड - उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार २०७३

५) राष्ट्रिय सहकारी महासंघ लिमिटेड नेपालबाट उपकरण वितरण - २०७७

**(ख) तालिम/गोष्ठि तथा अन्तरक्रिया**

**१) चौंथो ललितपुर साकोस समिटि -२०७८ सम्पन्न** :

आर्थिक विकासमा सुन्दर भविष्य र सम्भावना बोकेको सहकारी संस्थाहरूको बृहत्तर विकासका लागि संघको आयोजनामा देशकै रमणीय नगरी गोदावरी स्थित होटल भ्यू भृकुटीमा यही गएको **मंसिर ८, ९ र १० गते** ३ दिने आवासीय **"चौथो ललितपुर साकोस समिट–२०७८" (4th Lalitpur Saccos Summit -2021)** सम्पन्न भएको छ । ललितपुर जिल्लाको सहकारी अभियानमा कोसेढुंगा सावित हुने अपेक्षा गरिएको समिट कार्यक्रममा **सम्माननीय उपराष्ट्रपति नन्द बहादुर पुन (पासाङ**)ज्यूको प्रमुख आतिथ्यतामा उद्घाटन समारोह तथा बागमती प्रदेशका **मुख्यमन्त्री माननीय राजेन्द्रप्रसाद पाण्डे**ज्यूको प्रमुख आतिथ्यतामा समापन समारोह हाल सम्पन्न भएको छ। उक्त समिट कार्यक्रमबाट निम्न ११ बुँदे घोषणापत्र जारी गरिएको यहाँहरूमा जानकारी गराउँदै उक्त घोषणापत्रलाई सम्पूर्ण सहकारी संस्थाहरूले कार्यान्वयन गर्न अनुरोध गर्दछु ।

## साझा घोषणा पत्र–२०७८

आर्थिक विकासमा सुन्दर भविष्य र सम्भावना बोकेको ललितपुर जिल्ला भित्रका बचत तथा ऋण सहकारी संस्थाहरूको बृहत्तर विकासका लागि जिल्ला बचत तथा ऋण सहकारी संघले समसामयिक चासोका विषयहरूमा विषयविज्ञहरूबाट अनुभव आदानप्रदान गरी साझा भावनाको विकास गर्न वि.सं.२०६९ देखि आयोजना हुँदै आएको ललितपुर साकोस समिटको चौथो संस्करणकोरूपमा "साकोसमा शुद्धता, बचत संघको प्रतिबद्धता"लाई आत्मसात गरी २०७८ मार्ग ८ देखि १० गतेसम्म ललितपुरको गोदावरीमा आयोजना भएको चौथो ललितपुर साकोस समिट-२०७८ का सहभागी हामी साकोस अभियानका स्वयम्सेवी नेतृत्वकर्ताहरू, व्यवस्थापनका कर्मचारीहरू र स्थानीय तहका प्रतिनिधिहरू जिल्लाको वित्तीय सहकारी अभियानलाई सुदृढ, दिगो एवम् मर्यादित बनाउन प्रतिबद्धता सहित यो साझा घोषणापत्र जारी गर्दछौं ।

१. पूर्ववत् ललितपुर साकोस समिटबाट जारी घोषणापत्रका बाँकी घोषणाको कार्यान्वयनमा तिब्रता सहित निरन्तरता दिनेछौं ।

२. वित्तीय सहकारीको प्रबर्द्धन, विकास, अनुगमन तथा नियमन प्रणालीलाई प्रभावकारी एवम् चुस्त बनाउन आ-आफ्नो स्थानबाट बहस तथा पैरवी गर्नेछौं साथै संघहरूले गर्ने पैरवीमा ऐक्यवद्धता प्रकट गर्दछौं ।

३. स्व-सहयोग, स्व-शासन र स्व-उत्तरदायित्वको मर्मलाई आत्मसात गर्दै संघहरू मार्फत विद्यमान कानुन र सहकारीका मूल्यमा आधारित अनुगमनको दायरामा रहि स्तरीकृत एवम् प्रमाणिकृत संस्था सञ्चालन गर्नेछौं ।

४. वित्तीय कारोबार गर्ने सहकारी संस्थाको महत्त्वपूर्ण पारदर्शिता प्रबर्द्धनको लागि संघहरूमा नियमित मासिक प्रतिवेदनहरू प्रेषण गर्नुका साथै अग्रतापूर्ण खुलासाको व्यावहारिक अभ्यास स्वरूप अर्धवार्षिकरूपमा संस्थागत वित्तीय विवरणहरू सार्वजनिक गर्नेछौं ।

५. बचत तथा ऋण सहकारी संस्थाहरूलाई अन्तर्राष्ट्रिय विशिष्टता र राष्ट्रिय कानुनहरूको सापेक्षित प्रयोगको आधारमा सञ्चालन एवम् आफ्ना सदस्यहरूलाई सुसूचित गर्दै ललितपुर जिल्लाको साकोस अभियानको स्वनियमनमार्फत सुशासन प्रबर्द्धनको लागि स्थानीय तहसँग समन्वय गरी साझा अभियान सञ्चालन गर्नेछौं ।

६. ललितपुर जिल्लामा सञ्चालित साकोसहरूमा विनियम, आन्तरिक कार्यविधिहरू र प्रविधिमा एकरूपताको लागि संघ मार्फत सञ्चालन गर्ने अभियानलाई आफ्नो संस्थामा कार्यान्वयन गर्नेछौं ।

७. साकोस क्षेत्रको सुशासन व्यवस्थापनको लागि संख्यात्मक विकासलाई गुणात्मक विकासमा रूपान्तरण गर्न सहमत भई समान कार्यक्षेत्र र दोहोरो सदस्यता रहेका संस्थाहरूलाई प्राथमिकताका साथ एकीकरण गर्न अगुवाई एवम् सहजीकरण गर्नेछौं ।

८. साकोस अभियानको स्रोत अभियानको सञ्जाल मार्फत परिचालन गरी "एकका लागि सबै, सबैका लागि एकको सहकारी"को मर्मलाई व्यवहारिक कार्यान्वयन गर्नेछौं ।

९. आवधिक रणनीतिक व्यावसायिक योजना तर्जुमा गरी नविनतम प्रविधि आन्तरिकीकरण, युवा पुस्ता आकर्षण गर्दै नेतृत्व विकास एवम् हस्तान्तरण प्रभावकारी बनाउनेछौं ।

१०. पर्ल्स अनुगमन प्रणाली लागु गरी वित्तीय कारोबारहरूको नियमित र विशेषतः मासिकरूपमा पूर्ण विश्लेषण गर्दै जोखिमको पहिचान गरी ऋण जोखिम व्यवस्थाको माध्यमबाट लगानी सुरक्षित बनाउने कार्यको थालनी गर्नेछौं ।

११. ललितपुर जिल्लामा सञ्चालित बचत तथा ऋण सहकारी संस्थाहरूको एकीकृत सूचना प्रणालीको लागि संघले सञ्चालन गर्ने प्रणालीमा तोकिएको प्रणालीमार्फत संस्थागत सूचना एवम् तथ्याङ्कहरू उपलब्ध गराउनेछौं ।

**२. तालिम :**

संघले आफ्ना सदस्य संस्थाहरूलाई सबल र सक्षम बनाउनको लागि विभिन्न समयमा विभिन्न खाले निःशुल्क र सःशुल्क तालिमहरू प्रदान गर्दै आइरहेको छ । संघले गत बर्ष विभिन्न तालिम तथा गोष्ठीहरूबाट ४ सय भन्दा बढी सहकारीका कर्मचारी तथा नेतृत्वलाई तालिम प्रदान गरेको छ । ललितपुर जिल्ला भित्रका मात्र नभई विभिन्न जिल्लाहरूका सहकारी संस्थाहरूबाट समेत तालिममा सहभागीहरू आउनुभएको छ । संघले आफ्ना सदस्यहरूको क्षमता अभिवृद्धि गरी सक्षम बनाउने उद्देश्यका साथ हाल सम्म निम्नानुसारका तालिमहरू सञ्चालन गरिसकेको सम्माननीय साधारण सभामा जानकारी गराउन चाहन्छु ।

**निःशुल्क तालिम**

| क्र.सं. | तालिम विवरण | सञ्चालन मिति |
|---|---|---|
| क) | सहकारीमा लेखापरिक्षणको अवस्था | २०७७ असोज १६ गते |
| ख) | सहकारीमा आयकर | २०७७ असोज २९ र ३० गते |
| ग) | सम्पत्ति शुद्धिकरण सम्बन्धी तालिम | २०७८ जेष्ठ २७ गते |
| घ) | सहकारीमा कर सम्बन्धी प्रयोगात्मक तालिम | २०७७ चैत्र २६ गते |

**निःशुल्क प्रशिक्षक**

| क्र.सं. | तालिम विवरण | सञ्चालन मिति |
|---|---|---|
| क) | सुमंगल बचत तथा ऋण सहकारी संस्था लि. | २०७७ असोज ४ गते |
| ख) | श्रीमाई बज्रवाराही बचत तथा ऋण सहकारी संस्था लि. | २०७७ चैत्र १ गते |

**स:शुल्क तालिम**

| क्र.सं. | तालिम विवरण | सञ्चालन मिति |
|---|---|---|
| क) | पर्ल्स तालिम | २०७७ माघ ४ र ५ गते |
| ख) | बजार प्रतिनिधि क्षमता अभिवृद्धि तालिम | २०७७ माघ २५ देखि ३० सम्म |
| ग) | सहकारीमा आन्तरिक लेखा परिक्षण तालिम | २०७७ फाल्गुन २० र २१ गते |
| घ) | असुलि नियन्त्रण प्रणाली तालिम | २०७७ चैत्र २२ गते |
| ङ) | आन्तरिक नियन्त्रण प्रणाली तालिम | २०७८ जेष्ठ २० गते |
| च) | सहकारीमा बजेट निर्माण तालिम | २०७८ श्रावण २१ र २२ गते |
| छ) | पर्ल्स तालिम | २०७८ भाद्र २९ र ३० गते |
| ज) | बजार प्रतिनिधि क्षमता अभिवृद्धि तालिम | २०७८ मंसिर २८ देखि ३० सम्म |

### ४. खुल्ला सवाल जवाफ कार्यक्रम सम्पन्न :

संघको आयोजनामा मिति २०७८ अषाढ १२ गते भर्चुअल रूपमा खुल्ला सवाल जवाफ कार्यक्रम सम्पन्न भएको छ । संघिय सहकारी ऐनको अत्यावश्यक संशोधन, कर्जा सूचना केन्द्र, कर्जा असुली न्यायाधिकरण, बचत तथा ऋण सहकारी सम्बन्धी स्थिरीकरण कोष खडा गर्ने विषयदेखि सन्दर्भ ब्याजदर कार्यान्वयन वा पुनरावलोकन जस्ता सवालहरू उठेको थियो । वर्तमान सहकारीको अवस्था सम्बन्धमा सैद्धान्तिक, नीतिगत एवम् व्यावहारिक पक्षका विषयमा कार्यक्रममा उठेका प्रश्नहरूको जिज्ञासाहरू विषयविज्ञबाट सम्बोधन गराइएको जानकारी गराउँदछु ।

### ५. संघको स्थापना दिवसको अवसरमा वार्षिक समिक्षा कार्यक्रम सम्पन्न :

संघको स्थापना दिवसको अवसरमा २०७८ असोज ३ गते वार्षिक समिक्षा कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रमा पूर्व अध्यक्ष एवं संचालकज्यूरू, सल्लाहकारज्यूहरू, विभिन्न उप-समिति सदस्यहरूको उपस्तिथिमा संघले तयार गरेको पञ्चवर्षिय व्यवसायिक योजना अनुसार तय गरेका लक्ष्यहरूकोबारेमा छलफल गरी सुझाव लिइएको थियो । स्थापना दिवसको अवसरमा सम्मानीय प्रधानमन्त्री शेरबहादुर देउवाज्यू, अर्थमन्त्री माननीय जनार्दन शर्माज्यू, राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कँडेलज्यूले संघलाई लिखित शुभकामना सन्देश व्यक्त गर्नुभएको जानकारी गराउन चाहन्छु ।

### ६. नारी दिवसको अवसरमा गोष्ठी सम्पन्न :

संघको आयोजना तथा महिला उपसमितिको संयोजनमा १११ औं अन्र्तराष्ट्रिय महिला दिवसको अवसरमा एक दिवसीय **"सहकारीमा महिला सशक्तिकरण विषयक गोष्ठी"** २०७७ फाल्गुन २४ गते सोमबार सम्पन्न गरिएको छ । कार्यक्रममा पहिलो कार्यपत्रको रूपमा प्रमुख अतिथि सहकारी विभागका उप-रजिष्ट्रार सुरेन्द्रराज पौडेलले महिला संस्थाहरूको एकीकरण र सुरक्षित लगानी विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो । कार्यक्रमको दोस्रो कार्यपत्र कार्यकारी निर्देशक, लाईफ कोच र प्रेरक NILD उषामल्ल सिंहले सहकारीमा महिला सशक्तिकरण विषयमा प्रस्तुत गर्नुभएको थियो ।

### ७. पैरवी तथा पहलकदमी

- संघको तर्फबाट संघमा आवद्ध संस्थाहरूको प्रतिनिधिमुलक सहभागिता मार्फत सहकारी ऐन २०७४ मा संशोधन गर्नुपर्ने वुदाँहरूलाई समेटेर संशोधनको लागि राय सुझाव राष्ट्रिय सहकारी महासंघ नेपालमा बुझाइएको थियो । सहकारी ऐन २०७४ मा रहेको केही दफाहरूले सहकारी संस्था सञ्चालनमा समस्या उत्पन्न गरेको हुँदा संशोधन गनुपर्ने बुँदाहरूको तीन महले विवरण तयार पारी महासंघका आदरणीय अध्यक्षज्यूलाई राय सुझाव पेश गरिएको जानकारी गराउन चाहन्छु ।
- सन्दर्भ व्याजदरको निर्णय अलि अपरीपक्क र हतारमा गरिएको र सहकारीको स्वतन्त्रता र स्वायत्तालाई हनन पुग्ने भएको हुँदा सो निर्णय स्थगित गरी पुनरावलोकनको लागि २०७६ भाद्र १८ र २०७७ असोज ५ मा महासंघ समक्ष ज्ञापन पत्र बुझाइएको छ ।

- बागमती प्रदेश हेटौडामा रहेको सहकारी विभागको शाखा कार्यालय ललितपुरमा ल्याउन विशेष पहल संघ मार्फत गरिएको ।

**ग) अन्तर लगानी व्यवसाय विस्तार :**

संघले अपेक्षा गरे अनुसार आ.व. ०७७/७८ मा १ अर्ब ८० करोड को वासलातको योजना बनाए अनुसार शत प्रतिशत लक्ष्य पूरा गरी रू. १ अर्ब ९४ करोडको वासलात बन्न सफल भएको सम्मानीत साधारण सभामा जानकारी गराउन चाहन्छु ।

**घ) प्रकाशन तथा वितरण :**

संघले आफ्ना सदस्य संस्थाहरूलाई सहकारी सम्बन्धि महत्त्वपूर्ण सूचना जानकारी प्रदान गर्ने हेतुले संघले ब्रोसर, स्मारिका, बुलेटिन आदि प्रकाशन र वितरण गर्ने कार्यलाई अगाडि बढाइरहेको छ। संघको नियमित प्रकाशन अन्तरर्गत “**साकोस सरोकार**” प्रकाशन गरिँदै आएको छ जसमा ललितपुर जिल्ला भरीका सदस्य संस्थाहरूका गतिविधि तथा सहकारी क्षेत्रका विषयबस्तुहरूलाई समेटेर उक्त प्रकाशन गरिने गरिएको जानकारी गराउँदछु ।

**ङ) सहकारी मसलन्द विक्रि :**

आफ्ना सदस्य संस्थाहरूलाई आवश्यक पर्ने विभिन्न खालका सहकारीमा प्रयोग हुने खाताहरू, फर्म, फरम्याट, तमसुक आदिको सरल मुल्यमा विक्रि वितरण कार्यलाई निरन्तरता दिइएको छ । संघले सहकारी संघ संस्थाहरूको लागि आवश्यक पर्ने सम्पूर्ण प्रकारका मसलन्दहरू विक्रि वितरण गर्दै आइरहेको जानकारी गराउँदछु ।

**च) बैठकहरु सम्पन्नः**

संघको आ.व. २०७७/०७८ को बैठकको विवरण यसप्रकार छ :

| | | |
|---|---|---|
| १) | सञ्चालक समिति तथा संयुक्त बैठक | १० पटक |
| २) | लेखा सुपरिवेक्षण समिति | ४ पटक |
| ३) | कर्जा लगानी तथा असुलि उप-समिति | १४ पटक |
| ४) | शिक्षा तालिम उप-समिति | २ पटक |
| ५) | पद पुर्ती उप-समिति | ८ पटक |
| ६) | महिला उप-समिति | ३ पटक |
| ७) | अनुगमन तथा मर्जर उप-समिति | ३ पटक |
| ८) | कोरोना महामारी सहकारी सेवा व्यवस्थापन उप-समिति | १० पटक |
| ९) | खरिद बिक्री उपसमिति | ३ पटक |

**छ) आ.व. ०७७/७८ को संक्षिप्त आर्थिक झलक :**

| | |
|---|---|
| आबद्ध संस्था : | ५२६ वटा |
| कुल शेयर पुँजी : | रू. ६१,९६९,४०० |
| कुल बचत दायित्व : | रू. १,८००,२७१,९१० |
| जम्मा कर्जा लगानी | रू. १,१७२,६०४,०८७ |
| कुल आयः | रू. १४९,८९३,५९४ |
| कुल व्ययः | रू. ९५,८८४,१०२ |
| कुल बचत (कर अघिको) | रू. ५४,००९,४९२ |

**झ) कर्मचारी व्यवस्थापन तथा विकास**

कर्मचारी प्रशासन नियमावलीको पालना गरी बढ्दो प्रतिस्पर्धात्मक वातावरणमा संघको अग्रता कायम राख्नको निमित्त निरन्तर रूपमा कर्मचारीहरूको सीप अभिवृद्धि गर्न तथा उहाँहरूको मनोबल उच्च राख्न आवश्यक भएको

हुनाले विभिन्न तालिम तथा अन्य व्यावसायिक विकासका कार्यक्रम सञ्चालन गर्न संघ प्रयत्नशील रहेको जानकारी गराउँदछु ।

**ञ) लाभांश वितरण सम्बन्धमा**

सदस्य सहकारी संस्थाहरूद्धारा लगानी गरिएको शेयरमा आकर्षक प्रतिफल प्रदान गर्न संघ प्रतिवद्ध रहदै आएको छ । संघको आ.व. २०७७/०७८ को मुनाफाबाट नियम अनुसार संघको विभिन्न कोषमा रकम छुट्याई सदस्य संस्थाहरलाई शेयर लाभांस १५ प्रतिशत दिने निर्णय भएको हुँदा उक्त प्रस्ताव यस साधारण सभाद्धारा अनुमोदन गर्नुहुनेछ भन्ने विश्वास लिएको छु । आगामी वर्षहरूमा क्रमिक रूपमा वृद्धि गर्दै सहकारी ऐन २०७४ ले गरेको अधिकतम व्यवस्था १८ प्रतिशतसम्म पुऱ्याउन विभिन्न योजना मार्फत अगाडी बढाइने जानकारी गराउन चाहन्छु ।

**ट) सम्मान तथा पुरस्कार**

संघले सम्मान तथा पुरस्कार उपसमितिको सिफारिसमा सम्मान तथा पुरस्कार कार्यविधिमा भएको व्यवस्था बमोजिम उत्कृष्ट सहकारी पुरस्कारद्धारा ६ वटा स्थानीय तहका सहकारी संस्थाहरूलाई सम्मान/पुरस्कार प्रदान गर्दै आइरहेको छ । यस आर्थिक वर्षबाट उत्कृष्ट कारोबार गर्ने संस्थाहरू, एकीकरण गर्ने संस्थाहरू तथा पूर्व सञ्चालकज्यूहरूलाई सम्मान गरिने जानकारी गराउँदै सम्मान तथा पुरस्कारको कार्यक्रमलाई आगामी वर्षहरूमा पनि निरन्तरता दिइनेछ ।

**१०) कोरोना महामारीमा बचत संघको भूमिका**

संघले आफ्ना सदस्य संस्थाहरूको लागि कोरोना महामारीको समयमा निन्नानुसार सहजिकरण गरेको जानकारी यहाँहरूमाझ गर्न चाहन्छु ।

१) कोरोना महामारीको बेला सहकारी संस्थाहरूलाई परेको समस्या पहिचान गर्नको लागि सम्पूर्ण सहकारी संस्थाहरूलाई ईमेल मार्फत समस्या पहिचान सर्वेक्षण फारम पठाई समस्या आएका संस्थामा सहजिकरण गरिएको ।

२) सदस्य संस्थाहरूमा तरलता समस्या आएमा तरलता व्यवस्थापनको लागि संघद्धारा रू.१०००००००।- (दश करोड मात्र) कोरोना जोखिम तरलता व्यवस्थापन कोषको स्थापना गरिएको ।

३) कोभिड १९ को उपचार तथा नियन्त्रण गर्ने उद्देश्यले राष्ट्रिय सहकारी महासंघ नेपाललाई आर्थिक सहयोग अन्तर्गत रू.५००००।- (अक्षरूपी पचास हजार मात्र) प्रदान गरिएको ।

४) कोरोना महामारी तथा अन्य व्यवस्थापन, शुसासनको कारणले सहकारी संस्था सञ्चालनमा देखिएको २३ वटा सहकारी संस्थाहरूको समस्या समाधान गर्न संघले विशेष भूमिका निर्वाह गरिएको ।

५) कोरोना महामारी जोखिम व्यवस्थापन कार्यदल बनाई सदस्य संस्थाहरूमा आएका समस्या पहिचान गरी समाधान गर्न सहयोग गरेको र सदस्य संस्थाहरूलाई कार्यदल बनाउन आह्वान गरिएको ।

६) संघद्वारा लगानी गरिएको कर्जाको व्याजमा लकडाउनको समयमा वैशाख १ महिनाको व्याजमा १० प्रतिशत छुटको व्यवस्था गरिएको साथै त्यसपछि समग्र कर्जाको व्याजदर घटाइएको ।

७) लकडाउनको समयमा संस्थाहरू सञ्चालनमा जिल्ला प्रशासन कार्यालय तथा सम्बन्धीत ठाउमा आवश्यक पहल गरी सहजीकरणको प्रयास गरिएको ।

**आदरणिय प्रतिनिधि मित्रहरु,**

अब म आ.व. २०७८/०७९ का लागि तय गरिएको आगामी कार्यक्रमहरूको बारेमा संक्षिप्त जानकारी गराउन चाहन्छु ।

**क) संस्थाहरुको क्षमता अभिवृद्धि :** सहकारी संस्था सञ्चालन सम्बन्धि सम्पूर्ण तालिम, विभिन्न खाले शैक्षिक भ्रमण, गोष्ठि तथा अन्तरक्रियाहरू नियमित सञ्चालन गरिनेछ । संस्थाको आवश्यकता र माग अनुसार संघले निःशुल्क तालिम प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

ख) **संघको घर जग्गा खरिदः** संघको कारोबारमा भएको वृद्धि संगै कोषमा पनि वृद्धि भइरहेको जानकारी गराउँदै संघको आफ्नै भवनबाट सदस्यहरूलाई सेवा प्रदान गर्न अझ विश्वसनिय हुने भएको हुँदा यस आ.व. २०७८/०७९ मा घर जग्गा खरिद गरिनेछ।

ग) **अन्तर लगानी विस्तारः** संघमा हाल दैनिक कारोबार गर्ने संस्था ३१५ रहेकोमा संघमा आवद्ध सम्पूर्ण सहकारी संस्थाहरूलाई दैनिक कारोबार गर्न अभिप्रेरित गरी संघको अन्तरलगानीको कारोबारलाई रू. २ अर्ब ७० करोड पुऱ्याइने छ।

घ) **वित्तीय विवरण प्रकाशनः** संघले यस आ.व. बाट त्रैमासिक रूपमा वित्तीय विवरण राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरेको जानकारी गराउँदै संघमा आवद्ध सम्पूर्ण सहकारी संस्थाहरूलाई आफ्नो संस्थाको वित्तीय विवरण त्रैमासिक/अर्धवार्षिक रूपमा प्रकाशन गर्न आह्वान गरिने छ।

ङ) **अध्ययन अवलोकन भ्रमणः** विभिन्न संघ संस्थाहरूको अवलोकन भ्रमण गरी अनुभव हासिल गर्ने कार्यक्रमहरूमा सदस्य संस्थाहरूलाई सक्रिय सहभागी गराइने छ ।

च) **अनुगमन तथा एकीकरणः** सदस्य संस्थाहरूको निरीक्षण र अनुगमन कार्यलाई निरन्तरता दिदै सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ मा व्यवस्था भए अनुसार सहकारी संस्थाहरू एकीकरण गर्ने कार्यमा संस्थाहरूलाई आवश्यक सम्पूर्ण सहयोग गरिनेछ।

छ) **संस्था प्रवर्द्धन तथा विकासः** सरकारी/गैरसरकारी तथा सहयोगी संस्थाको सहयोग लिई सहकारी स्रोत केन्द्र स्थापना गर्ने। जिल्लाका दुर्गम तथा वित्तीय पहुँच नपुगेका स्थानहरूमा वित्तीय पहुँच पुऱ्याउनका लागि वचत तथा ऋण सहकारी संस्थाहरूको प्रवर्द्धन गरिने छ।

ज) **समन्वय तथा पहलकदमीः** संस्थाहरूको माग र आवश्यकता अनुसार सम्बन्धित निकायहरूमा निरन्तर रूपमा समन्वय पहलकदमी गर्ने । विशेष गरी यस्ता कार्यका लागि संघको ठाडो संजाल राष्ट्रिय सहकारी महासंघ नेपाल, राष्ट्रिय सहकारी बैंक लि., नेफ्स्कून, प्रदेश सहकारी संघ, प्रदेश बचत तथा ऋण सहकारी संघ लि., जिल्ला सहकारी संघ, स्थानीय तह लगायतका छाता संगठनहरूसँग समन्वय कायम गर्दै जिल्ला स्तरका सरकारी तथा अन्य आवश्यक निकायहरूसँग पहलकदकमीका कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ।

झ) **संघको प्रभावकारी ब्यवस्थापनः** संघको व्यवस्थापन पक्षलाई चुस्त दुरूस्त राख्नको लागि आवश्यकता अनुसार कर्मचारी तथा उच्च स्तरीय प्रविधिको व्यवस्थापन गरिदै लगिने छ।

ञ) **शिक्षा तालिम कार्यक्रममा वृद्धिः** संघले शिक्षा तथा तालिम कार्यक्रमलाई विशेष महत्व दिदै आएको छ। संघका कर्मचारीहरूको दक्षता बढाउने उद्देश्यका साथ कर्मचारीहरूलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका तालिममा सहभागी गरिनेछ। आगामी दिनमा सदस्य संस्थाहरूको आवश्यकता अनुसार तालिम सञ्चालन गरिदै लगिने छ। साथै जिल्ला भित्र भएका ६ वटा स्थानीय तहमा कम्तीमा वार्षिक एक /एक वटा निःशुल्क शिक्षा तथा तालिम संचालन गरिने छ ।

ट) **शेयर पूँजी बृद्धि गर्नेः** संघको दिर्घकालीन विकासका लागि सम्पूर्ण सदस्य संस्थाहरूबाट शेयर पूँजी वृद्धि गरी ८ करोड पुऱ्याइनेछ।

ठ) **सहकारी सम्बन्धी सामग्रीको प्रकाशन तथा बिक्रि वितरणः** यस संघबाट प्रकाशित र अन्य सहकारी संघ/संस्थाहरूबाट उत्पादित र प्रकाशित सहकारी सामाग्री तथा स्टेशनरीहरूको विक्रि वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ।

ड) **सेवा केन्द्र स्थापनाः** संघको पहुँच नभएको गोदावरी र लुभुमा संघको सेवा केन्द्र खोलिने छ।

ढ) **सेवामा नयाँ प्रविधिको प्रयोगः** संघले हाल प्रदान गर्दै आएको सेवामा आधुनिकिकरण गरी SMS Banking, E-Banking मार्फत सेवा प्रदान गरिने छ। साथै संघको website मार्फत विभिन्न गतिविधिहरू तथा सूचनाहरू सदस्य संस्थाहरूमाझ पुऱ्याइनेछ।

**ण)** **स्थापना दिवसः** संघको स्थापना दिवसको अवसर पारेर हरेक वर्ष असोज ३ गते सहकारी दौड प्रतियोगिता साथै अन्तरक्रिया कार्यक्रमको आयोजना गर्ने भनिएको यस आ.व.मा वार्षिक समिक्षा कार्यक्रम आयोजना गरिएको र आगामी वर्षहरूमा पनि समय सान्दर्भिक कार्यक्रमहरू आयोजना गरिने छ ।

**त)** **लघु कर्जा प्रदानः** महिलाद्वारा संचालित सहकारी संस्थाहरूलाई विना धितो लघुवित्त कर्जा बढीमा दश लाख सम्म लगानी गरिने छ ।

**थ)** **नमुना कार्यविधिहरु प्रदानः** सदस्य संस्थाहरूको संचालनमा आईपर्ने आवश्यक आन्तरिक कार्यविधि निर्माणका लागि नमुना कार्यविधिहरू प्रदान गरिने छ ।

**द)** **सक्रिय संस्था निर्माणमा पहलः** संघमा सदस्य भएका संस्था तर निष्क्रिय रहेका संस्थाहरूलाई सक्रिय संस्था निर्माणको लागि विशेष कार्यक्रम ल्याइने छ । सहकारी ऐन २०७४ बमोजिम ३ पटक सम्म वार्षिक साधारण सभामा भाग नलिएको खण्डमा सदस्यता खारेज गरिने व्यवस्था भएकोले निष्क्रिय सदस्य संस्थाहरूलाई चलाएमान बनाउन पहल गरिनेछ । यदि संघको आह्वानलाई बेवास्ता गरी संघमा आवश्यक कागजात सहित अद्यावधिक नगरेमा सदस्यबाट हटाइने छ ।

**ध)** **निःशुल्क प्रशिक्षक उपलब्धः** संस्थाको आवश्यकता र माग बमोजिम संघको शिक्षा तालिम कार्यविधि भित्र रहेर निःशुल्क प्रशिक्षक उपलब्ध गराइने छ ।

**न)** **साझेदारी कार्यक्रमः** सम्बन्धित निकायहरू र स्थानीय तहहरूसंग सहकार्य गरी सदस्य संस्थाहरूलाई दिगो बनाउन साझेदारी कार्यक्रम लागु गरिने छ ।

प्रतिवेदनमा समेटिएको भावी कार्यक्रमहरूलाई साथ-सहयोग र सहभागीताबाट आफ्नो संस्थाको आवश्यकता तथा आकांक्षाहरूको परिपूर्तिमा संघलाई उपयोग गर्नुहुन हार्दिक अनुरोधका साथ थप कार्यक्रम आवश्यक भएमा कुनै पनि समयमा संघलाई जानकारी गराइदिनु भएमा आगामी वर्षहरूको कार्यक्रममा समावेश गर्न संघ तयार रहेको व्यहोरा समेत जानकारीको लागि अनुरोध गर्दछु ।

**आदरणीय प्रतिनिधि मित्रहरू**

जिल्ला भरका सबै बचत तथा ऋण सहकारी संस्थाहरूको अभिभावक संघ बनाउन उपलब्ध स्रोत साधनको अधिकतम उपयोगमा विशेष ध्यान दिइने छ । शेयर सदस्य संस्था निक्षेप तथा ऋणी संस्थाहरूको हितलाई नै सर्वोपरी ठान्ने नीति कार्यक्रमहरू बनाउने गरिएको छ । संघले दिर्घकालीन योजना निर्माण मार्फत सहकारी क्षेत्रको जिल्लाको विकासमा आफूलाई समर्पित र मर्यादित भई आएको यहाँहरू सबैमा सर्वविदितै छ । सदा झैं उपस्थित सम्पूर्ण महानुभावहरूलाई बेसी भन्दा बेसी संघबाट फाईदा लिनुहुन विनम्र अनुरोध गर्न चाहन्छु ।

अन्त्यमा, संघको २७ औं वार्षिक साधारण सभामा पाल्नुभएका प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथिज्यूहरू र सभालाई भव्य, सभ्य र गरिमामय बनाउनका लागि योगदान दिनुहुने सहकारी संस्थाहरू, प्रतिनिधि, सञ्चालक समिति, लेखा समिति, सल्लाहकार, विभिन्न उपसमितिहरू, पत्रकारज्यूहरू, कर्मचारी मित्रहरू साथै सम्पूर्ण शुभेच्छुक महानुभावहरूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दै सञ्चालक समितिको तर्फबाट प्रस्तुत हुने सम्पूर्ण प्रतिवेदनहरूलाई पारित गरिदिनुहुनेछ भन्ने पूर्ण आशाका साथ पुनः आभार प्रकट गर्दै विदा हुन्छु ।

धन्यवाद । जय सहकारी ॥ जय बचत संघ ॥।

**रामहरि बजगाई**
अध्यक्ष
२०७८ पौष ८ गते
साझा पार्टी प्यालेस

# ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडको २७औं वार्षिक साधारण सभामा लेखा सुपरिवेक्षण समितिद्वारा प्रस्तुत आ.व. २०७७/०७८ को वार्षिक प्रतिवेदन

सभाका सभा अध्यक्ष ज्यू,



ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडको २७ औं वार्षिक साधारण सभाको निमन्त्रणालाई स्वीकार गरी पाल्नुभएका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरू, अतिथिज्यूहरू, संघका सल्लाकारज्यूहरू, सदस्य संस्थाबाट पाल्नुभएका अध्यक्षज्यूहरू तथा प्रतिनिधिज्यूहरू, पत्रकार मित्रहरू, संघमा कार्यरत कर्मचारीहरू तथा शुभचिन्तक महानुभावहरूमा लेखा सुपरिवेक्षण समितिको तर्फबाट न्यानो सहकारी अभिवादन टक्र्याउन चाहन्छु ।

२०५० साल असोज ३ गते ५ वटा सहकारी संस्थाहरूवाट गठन भएको संघमा हाल ५२६ बचत तथा ऋण सहकारी संस्थाहरू आवद्ध हुनुले संघको आवश्यकता रहेको भन्ने बुझिन्छ । सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ लाई आत्मसाथ गरी बढ्दै गईरहेको र २०६८ को मापदण्डलाई पनि समेटदै समय सापेक्ष उक्त ऐन कानुनलाई टेकी सहकारी सिद्धान्त, मूल्य मान्यतामा आधारित रही विभिन्न नीति तथा कार्यविधि बनाई संघ अगाडी बढिरहेको छ भने संघमा आवद्ध संस्थाहरूलाई वेभसाइट, फेसबुक तथा एस.एम.एस. मार्फत सूचना प्रवाह गरिंदै आएको छ । विभिन्न विषयमा निःशुल्क तथा सःशुल्क तालिम दिदै आएको एवं सर्वशुलभ वित्तीय सेवा प्रदान गर्नु तथा सदस्यहरूको आर्थिक सुशासनमा टेवा पुऱ्याउन अग्रणी भूमिका खेल्दै आएको छ ।

संघको २७ औं वार्षिक साधारण सभासम्म आइपुग्दा स्थापनाकालदेखि हालसम्म आफ्ना सदस्य संस्थाहरूको विकास र प्रवर्द्धनका लागि गरिएका गतिविधि तथा सदस्य संस्थाहरूप्रतिको अभिभावकिय भूमिका सराहनीय छ । साथै संघले आफ्नो परिकल्पना बमोजिम सदस्य संस्थाहरू मार्फत समुदायको आर्थिक, सामाजिक, साँस्कृतिक रूपान्तरणमा महत्त्वमूर्ण भूमिका निर्वाह गर्दै यस जिल्लाकै उत्कृष्ट संघको रूपमा आफूलाई उभ्याएको छ । समय सापेक्ष शिक्षा, तालिम तथा प्रतिस्पर्धात्मक रूपमा गुणस्तरीय एवं सर्वशुलभ वित्तीय सेवा प्रदान गर्नु तथा सदस्य संस्थाहरूको आर्थिक सुशासन, नीतिगत सुशासन प्रवर्द्धन गर्ने गरेको छ र प्रारम्भिक संस्थाहको वर्तमान अवस्थामा आवाज, माग तथा आशय राज्यसम्म लाने भूमिका अत्यन्तै महत्त्वपूर्ण ढंगले निर्वाह गरेको छ ।

लेखा सुपरिवेक्षण समिति हरेक गरीमामय साधारण सभाप्रति पूर्ण उत्तरदायी छ । कुनै पनि संघ संस्थाका सञ्चालक समिति एवं कार्य व्यवस्थापन समूहले आ-आफ्नो दायित्वलाई जिम्मेवारीपूर्वक निर्वाह गरेकै आधारमा पनि त्यस संघ संस्था अविछिन्न प्रगति पथमा क्रमशः अघि बढिरहेको हुन्छ र लेखा सुपरिवेक्षण समिति त्यस सूचांकको आधार स्तम्भ हो ।

**आदरणीय प्रतिनिधिज्यूहरू,**

लेखा सुपरिवेक्षण समितिले गरेको नियमित अध्ययन र सुपरिवेक्षणका आधारमा आ.व. २०७७/०७८ मा गरेका कामहरू तथा आर्थिक कारोबारका विषयमा तयार पारेको प्रतिवेदन साधारण सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

१. **अघिल्लो साधारण सभाको निर्णयहरुको कार्यान्वयनको अवस्था :**

यस संघको २७ औं साधारण सभाले पारित गरेको नीति तथा कार्यक्रमका अलवा संघले थुप्रै कार्य सम्पन्न गरेको छ विशेष गरी अन्तरलगानी र शिक्षा तालिमका कार्यक्रमहरूलाई वृद्धि गरिएको पाइएको छ । साथै अघिल्लो साधारण सभाले लेखा समितिको सुझाव कार्यन्वयन गर्ने निर्णय गरे बमोजिम अधिकांश सुझावहरूलाई कार्यान्वयन तर्फ लगेको पाइएको छ ।

२. **बसेको बैठक संख्या, निर्णयहरु र निर्णयहरुको कार्यान्वयनको अवस्थाः**

संघको आ.व. २०७७/०७८ को बैठकको विवरण यसप्रकार छ :

| | | |
|---|---|---|
| १) | सञ्चालक समिति तथा संयुक्त बैठक | १० पटक |
| २) | लेखा सुपरिवेक्षण समिति | ४ पटक |
| ३) | कर्जा लगानी तथा असुलि उप-समिति | १४ पटक |
| ४) | शिक्षा तालिम उप-समिति | २ पटक |
| ५) | पदपूर्ती उप-समिति | ८ पटक |
| ६) | महिला उप-समिति | ३ पटक |
| ७) | अनुगमन तथा मर्जर उप-समिति | ३ पटक |
| ८) | कोरोना महामारी सहकारी सेवा व्यवस्थापन उप-समिति | १० पटक |
| ९) | खरिद बिक्री उप-समिति | ३ पटक |

बैठक तथा अन्य कार्यक्रमहरूमा सहभागिता एवं उपस्थितिका बारेमा प्रश्न उठाउनुपर्ने अवस्था देखिएको छैन। सम्पूर्ण बैठकहरूका निर्णयहरूमध्ये अधिकांशको कार्यान्वयन भएको छ।

**३. शेयर वृद्धि सम्बन्धी कार्यक्रमको अवस्था :**

यस संघमा शेयर न्यून भएको सन्दर्भमा संघको शेयर वृद्धिको लागि विशेष कार्यक्रम राखी रू. ३,७४,९५,६००/- बाट शेयर वृद्धि रू.६,१९,६९,४००/- गर्न सफल भएको पाइयो।

**४. ऋण लगानी प्रक्रिया, ऋण वापतको सुरक्षण र धितो सम्बन्धी व्यवस्था :**

संघको कर्जा लगानी गर्दा संघको तरलतालाई ध्यानमा राखी अनिवार्य धितोको व्यवस्था रहेको र कर्जा लगानी गर्दा कर्जा लगानी तथा असुली उप-समिति मार्फत कर्जा प्रवाह गर्दा धितो मूल्याङ्कनकर्ताबाट धितो मुल्याङ्कन गरी कर्जा लगानी गरिएको र लगानी गरिको सम्पूर्ण कर्जामा धितो सुरक्षण रहेको पाइयो।

**५. पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरुको विवरण :**

यस संघको पदाधिकारीहरूले कुनै पनि प्रकारको पारिश्रमिक, वैठक भत्ता तथा अन्य सेवा सुविधा लिएको पाइएन।

**६. तालिम एवं अन्य क्रियाकलापहरु :**

शिक्षा तथा तालिम उप-समितिको भूमिका सराहनीय रहृयो। आफ्ना सम्पूर्ण सदस्य संस्थाहरूसम्म विभिन्न तालिमहरू पुऱ्याउनको निम्ति संघको प्रयत्न जारी राख्न जरूरी देखिन्छ।

**७. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरु :**

कर्मचारी प्रशासन नियमावली र आर्थिक प्रशासनिक नियमावलीको निर्माणपछि कामको चापलाई ध्यानमा राखी आवश्यक कर्मचारीको दरबन्दी खडा गरी विधि र प्रकृया अनुसार कर्मचारीको व्यवस्था गरिएको पाइएको छ। कर्मचारीहरूको संख्या र कार्यबोझबीचको तादम्यता मिलेको देखिएको छ।

हाल संघमा कार्यरत कर्मचारीहरूको विवरण यसप्रकार छ :

| | | |
|---|---|---|
| व्यवस्थापक | - १ जना | - स्थायी |
| लेखा तथा प्रशासन अधिकृत | - १ जना | - अस्थायी |
| सह बजार अधिकृत | - १ जना | - स्थायी |
| सह कर्जा अधिकृत | - १ जना | - स्थायी |
| लेखापाल | - २ जना | - स्थायी |
| क्यासियर | - १ जना | - अस्थायी |
| रिसेप्सनिष्ट | - १ जना | - अस्थायी |
| बजार सहायक | - २ जना | - स्थायी |
| बजार सहायक | - २ जना | - अस्थायी |
| कार्यालय सहयोगी | - १ जना | - स्थायी |
| सुरक्षागार्ड | - १ जना | - अस्थायी |

संघको व्यवस्थापकको रूपमा सन्तोष बजगाई कार्यरत हुनुहुन्छ। व्यवस्थापकलाई यस आ.व. मा तलब, भत्ता, बोनस तथा सुविधा (उपदान तथा विदा व्यवस्था रकम बाहेक) रू. ९,९२,०४०।- भुक्तानी गरिएको छ।

**८. लेखा सुपरिवेक्षण समितिले दिएका प्रतिवेदन बमोजिमका सुझावहरुको कार्यान्वयनको अवस्था**

लेखा सुपरिवेक्षण समितिले आफ्ना नियमित अध्ययन, अनुगमन र बैठकहरूबाट दिएका अधिकांश सुझावहरूको कार्यान्वयन भएको पाइएको छ ।

**९. सहकारी विभागबाट जारी गरिएका मापदण्डहरुको पालना सम्बन्धी संक्षिप्त विवरण**

क) ऐन विनियममा तोकिए बमोजिम विवरण पठाउने गरेको,

ख) २०७४ ऐन बमोजिम शेयर पूँजीको १५ प्रतिशत लाभांश वितरण गरेको,

ग) बचत र कर्जाको व्याजदर अन्तर ५.०१ प्रतिशत रहेको र कर्जामा घट्दो व्याजदर कायम भएको,

ङ) कर्जा नोक्सानी व्यवस्थामा १०० प्रतिशत, ३५ प्रतिशत, १ प्रतिशत व्यवस्था गरेको,

च) पर्ल्सका सूचाङ्कहरूले देखाएका कमी कमजोरीमा सुधारात्मक अवस्था भएको,

छ) भल्ट विमा तथा मार्गस्थ विमा गरेको,

ज) नीति, कार्यविधिहरू बनाई सोही अनुरूप कार्य सञ्चालन भएको,

**१०. लेखा सुपरिवेक्षण समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरु :**

क) संघको दीर्घकालिन हित र ऐन नियमावलीलाई सहजीकरण गर्न ऋणहरूलाई क्रमशः मासिक सांवा व्याज लिने गरी किस्तावन्दीमा कर्जा लगानी गर्नुपर्ने र तरलता व्यवस्थापन गर्न कर्जा सम्बन्धी अन्तरक्रिया तथा गोष्ठी कार्यक्रम गरी संस्थाहरूलाई कर्जा सम्बन्धी जानकारी र दायित्व वोध गराउनुपर्ने देखिन्छ । कर्जाको अवधि समाप्ति तथा कर्जाको किस्ता भुक्तानी समय भएको जानकारी सफट्वेयरको एस.एम.एसवाट स्वतः सूचना प्रदान गर्ने तरिकाबाट सफट्वेयर विकास गर्नुपर्ने देखिन्छ ।

ख) यस ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडको वित्तीय विवरणलाई अध्ययन गर्दा सुधारोन्मुख भएको कारण आगामी वर्ष प्रोभेशन ब्रान्डमा आवद्ध हुँदै एक्सेस ब्रान्डमा जानको लागि आवश्यक पहल गर्न सुझाव दिइन्छ ।

ग) सदस्य संस्थाहरूको माग र सुविधालाई ध्यानमा राखी सेवा काउन्टर मार्फत आर्थिक कारोबार संचालन गर्ने सेवा केन्द्र सञ्चालनका लागि आवश्यक पहल गर्न विशेष सुझाव दिइन्छ ।

घ) संघको शेयर पूँजी वचतको अनुपातमा न्यून रहेको प्ररिप्रेक्षमा शेयर वृद्धि सम्बन्धी आवश्यक कार्यक्रमहरूको आयोजना गरी शेयर पूँजी वृद्धि गर्न सुझाव दिइन्छ ।

ङ) कर्जाको वर्गीकरण गरी कर्जा अवधिलाई पुनरावलोकन गर्नुपर्ने देखिन्छ ।

च) बचत संघ संग आवद्ध सम्पूर्ण सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, विभिन्न उप-समितिहरू, प्रारम्भिक संस्था परिवार, कर्मचारी एवं सहकारी अभियान्ताहरूले संघको आर्थिक कारोबारलाई उचाईमा पु¥याउन सकारात्मक भूमिका अभिवृद्धिको लागि अपिल गर्दछौं ।

अन्त्यमा,

संघको निमन्त्रणा स्वीकार गरी पाल्नुभएका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरू, अतिथिज्यूहरू, संघका सल्लाकारज्यूहरू, संघको सदस्य सहकारी संस्थावाट पाल्नुभएका अध्यक्षज्यूहरू तथा प्रतिनिधिज्यूहरू, पत्रकार मित्रहरू, संघमा कार्यरत इमान्दार, लगनशील, निष्ठावान् कर्मचारीहरू तथा शुभचिन्तक महानुभावहरूलाई विशेष धन्यवाद दिँदै यहाँ उपस्थित सम्पूर्ण प्रतिनिधिज्यूहरूबाट आवश्यक सल्लाह सुझाव सहित बन्द सत्रबाट यस प्रतिवेदनलाई पारित गरिदिनुहुन अनुरोध गर्दै आजको सम्मानित सभाबाट ओझेल हुँदै सहकारी अभिवादन ट्क्राउन चाहन्छु । धन्यावाद ! जय सहकारी !

**संयोजक : अशोक महर्जन**

**सदस्य : राजेन्द्र घिमिरे**

**सदस्य : जितेन्द्र महर्जन**

२०७८ पौष ८ गते विहिबार

साझा पार्टी प्यालेस, लगनखेल

# ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. को २७औं वार्षिक साधारण सभामा कोषाध्यक्षद्वारा प्रस्तुत आ.व. २०७७/०७८ को आर्थिक प्रतिवेदन

नमस्कार,



